खण्ड ९ संख्या ०३ साउन ०८ गते, २०८२ साल

# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ०३ साउन ०८ गते, २०८२ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मादी गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८२ सालको कार्यविधि नं. ३

## निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्री वितरण व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः- २०८२/०४/०८

**प्रस्तावनाः** मादी गाउँपालिकाभित्र निजी जग्गाहरुलाई आवास, कृषि, गैरकृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, पुरुवा माटो, चट्टान, स्लेट, छाउनी ढुङ्गा, डेकोरेटिङ्ग ढुङ्गा लगायत खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा विकि वितरण कार्यलाई नियमन एवम् व्यवस्थित गर्न मादी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मादी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम "निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्री वितरण व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "खानीजन्य पदार्थ" भन्नाले भूगर्भ वा भूसतहमा रहेका ढुङ्गा, गिट्टी, बालुबा, चिप्स, ग्राभेल, पुरुवा माटो, चट्टान, स्लेट, छाउनी ढुङ्गा, डेकोरेटिङ्ग ढुङ्गा लगायत अन्य खानीजन्य पदार्थ सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "अनुगमन समिति" भन्नाले मादी गाउँपालिकाको गाउँपालिकास्तरीय अनुगमन समितिलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले मादी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ङ) "कार्यविधि" भन्नाले निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा विक्री वितरण व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्छ ।

(च) "उत्खनन्" भन्नाले भूसतहमा आउने परिवर्तनको कारणले वातावरणमा प्रतिकूल प्रभाव पाने गरी भूगर्भमा रहेको पदार्थ झिक्ने कार्य सम्झनु पर्छ ।

(ङ) "निजी जग्गा" भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गाधनी प्रमाण पूर्जा प्राप्त जग्गा समझनु पर्छ ।

(ज) “इजाजत पत्र" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त इजाजत पत्र समझनु पर्छ ।

(झ) "शुल्क वा दस्तुर" भन्नाले गाउँपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ ।

(ञ) “चलानपूर्जा" भन्नाले सङ्कलन वा उत्खननबाट निस्केका खानीजन्य पदार्थ तोकिएको स्थानमा लैजान गाउँपालिकाबाट इजाजत प्राप्त व्यक्तिले परिमाण तथा दुवानी साधनको नम्बर तथा मिति खुलाई जारी गरेको कागजात समझनु पर्छ ।

**३. कार्यविधि लागू हुने क्षेत्रः-** यो कार्यविधि मादी गाउँपालिकामा रहेका निजी स्वामित्वको जग्गाबाट मानवीय शक्ति वा यान्त्रिक उपकरणहरुको प्रयोगबाट खानीजन्य पदार्थ उत्खनन् गरिने कार्यका लागि मात्र लागू हुनेछ ।

**४. इजाजत लिनुपर्नेः-** यस कार्यविधि बमोजिम गाँउपालिकाबाट इजाजत नलिई कुनै पनि संस्था वा व्यक्तिले आफ्नो स्वामित्वमा रहेको जग्गाको सतह या भूगर्भमा रहेको ढुङ्गा, गिट्टी, वालुवा, चिप्स, ग्राभेल, पुरुवा माटो, चट्टान, स्लेट, छाउनी ढुङ्गा, डेकोरेटिङ्ग ढुङ्गा लगायत अन्य खानीजन्य पदार्थ उत्खनन् वा सङ्कलन गर्न पाइने छैन ।

**५. जरिवाना लाग्नेः-** गाउँपालिकाबाट इजजात नलिई उत्खनन् वा सङ्कलन गरेको पाइएमा गाउँपालिकाले उत्खननमा प्रयोग भएका मेसिन, औजार उपकरण तथा सामान जफत गरी आर्थिक ऐन बमोजिम जरिवाना गर्नेछ ।

## परिच्छेद-२

## इजाजत प्रक्रिया

**६. इजाजत लिनु पर्नेः-** गाउँपालिकाको क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनीले भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी देहायका कार्य गर्दा गराउँदा गाउँपालिकाको कार्यालयबाट इजाजत लिनु पर्नेछः-

(क) मेशिनरी उपकरण प्रयोग गरी वा नगरी जमिन उत्खनन् गरी खेतीयोग्य वा भवन निर्माण योग्य बनाउने कार्य ।

(ख) जमिन सतहमा वा जमिनको पिँधमा रहेका खानीजन्य पदार्थहरू सङ्कलन गर्ने कार्य ।

(ग) पोखरी निर्माण गर्ने कार्य ।

(घ) इट्टा वा टायल निर्माणको लागि माटो झिक्ने कार्य ।

(ङ) उत्खनननबाट निस्कने साधारण खानीजन्य पदार्थ घरायसी प्रयोजन तथा अन्य व्यवसायिक रुपमा बेचबिखन गर्ने उद्देश्यले एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने कार्य ।

तर, हाते औजारको प्रयोग गरी आफ्नो स्वामित्वमा रहेको जमिन खनी निस्कने माटो मात्र सोही वडामा रहेको आफ्नो घर तथा जग्गामा लैजानका लागि इजाजत लिनु पर्ने छैन।

**७. इजाजतका लागि निवेदन दिनु पर्नेः-** (१) निजी स्वामित्वमा रहेको जग्गाबाट खानीजन्य पदार्थ सङ्कलन, उत्खनन् तथा ओसार पसारको लागि देहाय बमोजिमको कागजात संलग्न राखी **अनुसूची-१** बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा इजाजतका लागि निवेदन दिनु पर्नेछः-

(क) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि — १

(ख) नेपाली नागरिकताको प्रतिलिपि — १

(ग) सम्बन्धित वडाबाट चार किल्ला सहितको सिफारिस पत्र — १

(घ) जग्गाको भूमिकर (मालपोत) तिरेको रसिदको प्रतिलिपि — १

(ङ) जग्गाको कित्ता नम्बर खुलेको नापी नक्साको प्रतिलिपि — १

(च) उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका सधियाँरहरूको जग्गाधनीको सहमति पत्र — १

(छ) गाउँपालिकाबाट स्वीकृत संक्षिप्त/प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (व्यक्तिगत घरायसी प्रयोजनका लागि मात्र भएमा १ रोपनी जग्गा अथवा २५०० घ.मि. भन्दा कम उत्खनन् हुन सक्ने निजी जग्गा व्यवस्थापन गर्दा संक्षिप्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनिवार्य आवश्यक नहुने ।) — १

(२) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी अन्य विधि तथा प्रक्रिया यसै गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ मा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

(३) कृषि योग्य जमिन चक्लाबन्दी गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक नपर्ने तर जमिन चक्लाबन्दी गरी उत्खनन् भएका खानीजन्य पदार्थहरुको विक्री वितरण गर्दा यसै कार्यविधिले तोके बमोजिम हुनु पर्ने ।

**८. इजाजत प्रदान गर्ने विधिः-** दफा ७ को उपदफा (१) बमोजिम रीतपूर्वकको निवेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिमको प्रक्रिया पूरा गरी कागजात प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र इजाजत दिन सक्नेछः-

**प्रक्रियाः**

(क) निवेदन उपर प्रारम्भिक छानबिन गरी जग्गाधनीको सनाखत गर्ने ।

(ख) सामाजिक तथा वातावरणीय पक्षको प्रारम्भिक लेखाजोखाको लागि वडा अध्यक्ष वा वडा अध्यक्षको निर्देशनमा वडा सदस्यको रोहरबरमा सधियाँर तथा छिमेकीहरूको भेला गराई **अनुसूची - २** बमोजिमको ढाँचामा कार्यालयले तोकेको प्राविधिक कर्मचारीले प्रतिवेदन तयार गरी पेश गर्ने ।

(ग) निजी जग्गाबाट खानीजन्य पदार्थको उत्खनन् कार्यमा प्रयोग हुने यान्त्रिक उपकरण सञ्चालन अनुमतिका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजस्व बुझाउनु पर्ने ।

(घ) जग्गा धनीले उत्खनन् गर्दा निस्कने खानीजन्य पदार्थहरूको कूल परिमाण एकिन गरी **अनुसूची - ३** अमोजिमको दरमा गाउँपालिकामा राजस्व बुझाउनु पर्ने ।

(ङ) खण्ड (ग) र (घ) मा तोके बमोजिमको राजस्व दाखिला भई सकेपछि उत्खनन् वा सङ्कलन गर्ने परिमाण, उत्खनन् तथा ओसार पसारमा प्रयोग हुने उपकरण तथा ढुवानी साधनको विवरण र अवधि तोकी सङ्कलन वा उत्खनन् कार्यको लागि एक आर्थिक वर्षमा नबढ्ने गरी कार्यालयले इजाजत दिन सक्नेछ ।

**९. शुल्क तथा धरौटीः-** (१) निजी जग्गा व्यवस्थापन गर्न इजाजत पत्रका लागि निवेदन दिंदा रू. ३००० ।- (तीन हजार रुपैयाँ) निवेदन दस्तुर तिर्नु पर्नेछ ।

(२) दफा ८ को खण्ड (ङ) बमोजिम इजाजत प्रदान गर्दा सोही दफाको खण्ड (घ) बमोजिम दाखिला गरेको कूल राजस्व रकमको १० (दश) प्रतिशतले हुन आउने रकम धरौटी राख्नु पर्नेछ।

**१०. म्याद थप गर्न सकिनेः-** (१) जग्गा धनीले मनासिव कारण देखाई तोकिएको अवधिभित्र तोकिएको परिमाणमा उत्खनन् तथा ओसार पसार गर्न नसकेमा म्याद थपको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले भए गरेको कामको नापजाँच गरी प्रतिवेदन पेश गर्न वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको रोहबरमा प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(३) प्राविधिक कर्मचारीले दिएको प्रतिवेदन तथा वडा समितिको सिफारिसको आधारमा माग भई आएको कारण मनासिव देखिए बाँकी रहेको कार्य सम्पन्न गर्न कार्यालयले म्याद थप गर्न सक्नेछ ।

तर एक आर्थिक वर्ष नाघ्ने गरी म्याद थप गर्न पाइने छैन ।

**११. विवरण हेरफेर गर्न सकिने:-** खानीजन्य पदार्थको सङ्कलन, उत्खनन् तथा ओसार पसार र बिक्री वितरणका लागि इजाजत पत्रमा उल्लिखित यान्त्रिक उपकरण तथा ढुवानी साधनको विवरण परिवर्तनको लागि माग भई आएमा आवश्यकता र औचित्ययताका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद ३

## उत्खनननका लागि शर्त तथा मापदण्ड

**१२. उत्खनननका लागि शर्त तथा मापदण्ड:** उत्खननका लागि इजाजत प्राप्त व्यक्तिले प्रस्तावित स्थानमा उत्खनन् गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछः-

(क) उत्खनन् इजाजत पत्रमा उल्लिखित यान्त्रिक उपकरण र ढुवानीका साधनको मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) पोखरी निर्माणको हकमा बढीमा ६ फिट गहिराइ सम्म मात्र उत्खनन् गर्नु पर्नेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन् गर्नु पर्नेछ । उक्त कार्य गर्दा गराउँदा सधियाँरको घर टहरा तथा जग्गा जमिन मिच्न, हानी नोक्सानी पुर्याउन, भत्काउन बिगार्न वा विपद् सम्बन्धी जोखिम हुने गरी उत्खनन् गर्न पाइने छैन ।

(घ) डाँडा खोल्सा मिलाई खेतीयोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उच्चौं भागलाई हटाउने सम्मको परिमाणसम्म मात्र उत्खनन् गर्नु पर्नेछ ।

(ङ) ढुङ्गा, गेग्रान, गिट्टी, वालुवा हटाई जमिन सुधार गर्न वा खेतीयोग्य बनाउन प्राविधिक नापजाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लङ्घन गरी खाडल पुर्नु पर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित जग्गाधनीले स्वयम् आफ्नै खर्च र व्यवस्थापनमा उक्त खाडल अनिवार्य रुपमा पुर्नु पर्नेछ ।

(च) उत्खनन् कार्य बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म मात्र गर्नु पर्नेछ ।

(छ) उक्त उत्खनन् गर्ने कार्यबाट साँध सधियाँर लगायत आसपासको क्षेत्रमा विपद् जोखिम र मानवीय तथा भौतिक क्षति र हानी नोक्सानी भएमा नेपालको प्रचलित कानुन बमोजिम सोको क्षतिपूर्ति लगायतको दण्ड जरिवाना उत्खनन गर्ने स्वयम् जग्गाधनीले व्यहोर्नु पर्नेछ ।

(ज) उत्खनन् कार्य असार, साउन र भदौ महिनामा गर्न पहिने छैन ।

(झ) उत्खनन् गर्दा बस्ती देखि करिब १ किलोमिटर टाढा हुनुपर्ने छ ।

**१३. इजाजत दिन नसकिने:-** देहायको अवस्था र जग्गाबाट खानीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् गर्न इजाजत दिइने छैनः-

(क) सरकारी पर्ती जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रही भोगाधिकार मात्र प्राप्त भएको जग्गा ।

(ख) ताल तलैया पोखरी र पर्यटकीय स्थलको प्रभावक्षेत्र भित्रको जग्गा ।

(ग) नदी, वन वा अन्य किसिमको सार्वजनिक जग्गा र सार्वजनिक जमिनले छोएको जग्गा ।

(घ) उत्खनन् गर्न प्रस्तावित जग्गाले कुनै प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

(ङ) खानीजन्य पदार्थ उत्खनन् गर्न निषेध भएको जग्गा ।

(च) रूख कटान गरी उत्खनन् गर्नु पर्ने जग्गा ।

(छ) कार्यालयबाट भएको सामाजिक तथा वातावरणीय लेखा जोखाले अनुपयुक्त देखाएको जग्गा ।

तर सार्वजनिक हितको लागि गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम सार्वजनिक वा पर्ती जग्गामा निर्माण हुने सडक, पोखरी, कुलो, नहर आदि निर्माण वा सरसफाइ गर्दा निस्कने खानीजन्य पदार्थलाई आर्थिक ऐन बमोजिमको दरमा सोझै इच्छुक व्यक्ति वा सङ्घ संस्था कम्पनीलाई बिक्री वितरण गर्न यस दफाले बाधा पुर्याएको मानिनै छैन ।

**<u>१४. ओसारपसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डहरूः-</u>** इजाजत लिई सङ्कलन वा उत्खननबाट निस्केका खानीजन्य पदार्थहरू अन्यत्र ओसारपसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछः-

(क) उत्खनन् स्थलबाट अन्यत्र ओसारपसार गरिने पदार्थको उत्खननकर्ताले पटके चलानपूर्जा जारी गरी सोको अभिलेख **अनुसूची — ४** बमोजिमको तोकिएको ढाँचामा राखु पर्नेछ । चलानपूर्जा तथा खाताको नमूना गाँउपालिकाबाट लिई खानीजन्य पदार्थ सङ्कलन वा उत्खननकर्ता स्वयंले छपाई गर्नु पर्नेछ ।

(ख) खानीजन्य पदार्थको सङ्कलन तथा उत्खनन् कार्य सम्पन्न भएपछि चलानपूर्जाको एक प्रति र सोको परिमाण खुल्ने तेरिज तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) खानीजन्य पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्नेछ ।

(घ) ओसारपोसार गर्ने भित्री बाटोहरूमा क्षति भएमा सोको मर्मत सम्भार उत्खनन् कर्ताले गर्नु पर्नेछ ।

(ङ) स्थानीय नागरिकहरुबाट भएको उत्खनन् तथा ओसापसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खननकर्ताले गर्नु पर्नेछ ।

(च) ओसारपसारका लागि लोड भएको ढुवानी साधन भित्री सड़क किनारामा रोकी राख्न पाइने छैन ।

(छ) उत्खनन् भएको पदार्थ ढुवानी गर्ने ढुवानी साधनहरुमा १२० घनफिट सम्मको ट्र्याक्टर वा २५० घनफिट सम्मको ट्रिपर वा ट्रक मात्रको भार बहन क्षमता भएको साधन मात्र प्रयोग गर्नु पर्नेछ ।

(ज) उत्खनन् भएको खानीजन्य पदार्थ सम्बन्धित तोकिएको क्षेत्र बाहेक अन्य स्थानमा लैजान र भण्डारण गर्न पाइने छैन ।

**<u>१५. घरौटी फिर्ता:-</u>** जग्गाधनीले दफा १४ को (ख) बमोजिमको चलानपूर्जा तथा तेरिज पेश गरेको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयले जाँचबुझ गरी दफा ९ को उपदफा (२) बमोजिमको धरौटी फिर्ता दिनु पर्नेछ ।

## परिच्छेद ४
## कार्यविधि पालना गर्ने गराउने सम्बन्धी व्यवस्था

**<u>१६. गाउँपालिकास्तरीय अनुगमन समिति:-</u>** (१) गाउँपालिका स्तरमा निजी जग्गाको खानीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्य कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिकास्तरीय अनुगमन समिति रहनेछ:-

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख — सदस्य

(ङ) सम्वन्धित वडाका वडाध्यक्ष — सदस्य

(च) प्रतिनिधि, उत्खनन क्षेत्र नजिकको सामुदायिक वनका अध्यक्ष — सदस्य

(छ) वन, वातावरण तथा विपद व्यवस्थापन समितिका अध्यक्ष — सदस्य

(ट) सम्वन्धित प्रहरी ईकाई/कार्यालयको प्रमुख — सदस्य

(ठ) गाउँपालिकाको अमिन वा सर्भेयर — सदस्य

(ड) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख — सदस्य-सचिव

**<u>१७. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था:-</u>** (१) यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत अनुसार खानीजन्य पदार्थको सङ्कलन, उत्खनन् तथा ओसारपसार सम्बन्धी भएका काम-कारवाहीको दफा १६ बमोजिमको अनुगमन समितिबाट देहाय बमोजिम गरिनेछ:-

(२) इजाजत प्रदान गरी सकेपछि सम्बन्धित वडाका वडा अध्यक्ष र सम्बन्धित वडामा कार्यरत प्राविधिक कर्मचारीबाट कार्य प्रारम्भ गर्न लगाउने र कार्य प्रारम्भ भइसकेपछि महिनामा १ (एक) पटक र कार्य सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ । यसरी गरिएको अनुगमनको आधारमा गाउँपालिकामा प्रतिवेदन पेश गर्ने दायित्व अनुगमनको लागि तोकिएको सम्बन्धित कर्मचारीको हुनेछ ।

(३) **नेपाल प्रहरी र नगर प्रहरीबाट गरिने अनुगमनः-** उत्खनन् तथा ओसारपसार कार्यको इजाजत प्रदान भए पश्चात स्थानीय प्रहरीले इजाजतका शर्त पालना भए नभएको सम्बन्धमा अनुगमन गर्न सक्नेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाइएमा उल्लङ्घनकर्ता र उल्लङ्घनमा संलग्न ढुवानी साधनलाई समेत नियन्त्रणमा लिई कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

**१८. शर्त उल्लङ्घन गर्ने उपर कारवाहीः-** खानीजन्य पदार्थ सङ्कलन, उत्खनन् र ओसारपसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाइएमा त्यस्तो उत्खननकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम कारवाही हुनेछः-

(क) तोकिएको स्थानमा बाहेक अन्यत्र खानीजन्य पदार्थ सङ्कलन वा उत्खनन् गरेमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोके बमोजिमको जरिवाना असुल उपर गरिनेछ ।

(ख) स्वीकृत भएको परिमाण र गहिराइ भन्दा बढ़ी सङ्कलन वा उत्खनन् गरेको पाइएमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोके बमोजिम जरिवाना लिई उत्खनन् गरेको स्थानको खाडल पुर्न लगाइनेछ ।

(ग) इजाजतमा तोकिएको साधन बाहेक अन्य साधनबाट उत्खनन् तथा ओसारपसार गरेमा वा यस कार्यविधिको दफा २० बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने जग्गाधनीको इजाजत पत्र तत्काल खारेज गरिनेछ ।

**१९. धरौटीबाट असुल उपर गर्न सक्नेः-** दफा १८ बमोजिमको कारबाहीबाट निर्धारित जरिवाना सम्बन्धित जग्गाधनीले नबुझाएमा वा निजले पूरा गर्नु पर्ने कुनै दायित्व पूरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ ।

**२०. निर्देशन पालना गर्नु पर्नेः-** खानीजन्य पदार्थको सङ्कलन, उत्खनन् तथा ओसारपसार कार्यको इजाजत प्राप्त व्यक्ति या संस्थाले प्राप्त गरेको इजाजत पत्रमा उल्लेख भएको शर्तका अतिरिक्त अनुगमन पश्चात् कार्यालयले दिएको थप निर्देशन पालना गर्नु सम्बन्धित जग्गाधनीको कर्तव्य हुनेछ ।

**२१. बाधा अड्काउ फुकाउने अधिकारः-** (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) अमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरामा तात्विक असर नपर्ने गरी मात्र गर्नु पर्नेछ ।

**२०. बचाउः-** यस कार्यविधिमा लेखिएका विषय यसै बमोजिम र लेखिए देखि बाहेका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

माढी गाउँपालिका

## अनुसूची - १

## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन् सङ्कलन तथा बिक्री वितरणका लागि गाउँपालिकामा दिने निवेदनको ढाँचा

मितिः-

**विषयः निजी जग्गाबाट खानीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा बिक्री वितरण र ओसारपसारको लागि इजाजत सम्बन्धमा ।**

श्री मादी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
थुमाकोडाँडा, कास्की ।

मेरो नाममा दर्ता कायम रहेको जिल्ला कास्की, साविक ................................. गा.वि.स. वडा नं .... स्थिति कि. नं. ..... को क्षेत्रफल ................. मा ...................................... कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन् गर्ने इजाजत पाऊँ भनी यसै निवेदन साथ आवश्यक तपसिल बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

उत्खननबाट निस्केका पादर्थहरू अन्यत्र ओसारपसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुर लिई इजाजत पाउन अनुरोध गर्दछु ।

**तपसिलः**

(क) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि — १
(ख) नेपाली नागरिकताको प्रतिलिपि — १
(ग) वड़ाको चारकिल्ला सहितको सिफारिस पत्र — १
(घ) जग्गाको भूमिकर (मालपोत) तिरेको रसिदको प्रतिलिपि — १
(ङ) जग्गाको कित्ता नम्बर खुलेको नापी नक्साको प्रतिलिपि — १
(च) उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका सधियाँरहरूको जग्गाधनीको सहमति पत्र — १

**निवेदकः**
नाम, थर :-
ठेगाना :-
दस्तखत :-
मोबाइल/फोन नं :-

मादी गाउँपालिका

खण्ड ९ संख्या ०३ साउन ०८ गते, २०८२ साल

## अनुसूची-२

## (दफा ८ (ख) सँग सम्बन्धित)

## स्थलगत रूपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फारम

श्री मादी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

थुमाकोडाँडा, कास्की ।

निजी जग्गामा यन्त्र, उपकरण तथा मेसिनरी औजारहरुको प्रयोग गरी वा नगरी निजी जग्गामा पोखरी निर्माण गर्ने, खेतीयोग्य बनाउने, भवन निर्माण कार्य गर्न जग्गाको सतह वा भूगर्भमा रहेको खानीजन्य पदार्थको सङ्कलन, उत्खनन् तथा ओसारपसार र बिक्री वितरण कार्यका लागि प्रारम्भिक चरणमा स्थलगत रूपमा गरिएको सम्भाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन ।

**१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रूपमा गरिएको प्रमाणीकरणः-**

क) निवेदक जग्गाधनीको नाम, थरः-

ख) सम्पर्क नम्बरः-

ग) ठेगानाः-

घ) खेती योग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्न प्रस्तावित स्थानको टेगानाः-

ङ) प्रस्तावित जग्गाको कि.नं. ........ क्षेत्रफल ..............................

च) गाँउपालिकाको वडा नं. ..... को सिफारिस मिति .............................. च.नं. .......

छ) खेतीयोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको सङ्कलन वा उत्खनन् गर्नु पर्नाको कारण (निवेदकको भनाइ)

.........................................................................................................

..............

ज) खेतीयोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको सङ्कलन वा उत्खनन् कार्यको लागि सधियाँर र छर छिमेकीको भनाइ तथा रायः-

.........................................................................................................

..............

झ) खेतीयोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको सङ्कलन वा उत्खनन् सम्बन्धमा प्राविधिक कर्मचारीको रायः-

मादी गाउँपालिका

.............................................................................................................

..............

उल्लिखित विवरण मैले सम्बन्धित कार्यस्थलमा गई सत्यतथ्य बुझी पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भनी सही गर्ने प्राविधिक कर्मचारीः-

दस्तखतः- .......................

कर्मचारीको नाम, थरः- ............................................

पदः- ..............................................................

मितिः- ...............................................

**२. प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणीकरणः**

(क) खेतीयोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको सङ्कलन वा उत्खनन् तथा ओसारपसार र बिक्री वितरण गर्ने प्रस्तावित स्थानको क्षेत्रफलः- ..............................

ख) प्रस्तावित स्थानको औसत लम्बाइ .................. चौड़ाइ ...................... उचाइ ......................

ग) सङ्कलन वा उत्खनन् गर्दा निस्कने सबै पदार्थको अनुमानित कूल परिमाणः- ....................................

घ) प्रस्तावित स्थानबाट हटाउनु पर्ने वा ओसारपसार हुन सक्ने खानीजन्य पदार्थको अनुमानित परिमाणः-

| क्र.सं. | प्राकृतिक स्रोत साधनको विवरण |
|---|---|
| १. | साधारण/बुल्डर ढुङ्गा |
| २. | छाउनी/छपनी ढुङ्गा |
| ३. | डेकोरेटिङ्ग कटिङ्ग ढुङ्गा (प्रति गोटा १०" x ४") |
| ४. | डेकोरेटिङ्ग कटिङ्ग ढुङ्गा (प्रति गोटा १०" x २") |
| ५. | डेकोरेटिङ्ग छपनी ढुङ्गा (प्रति गोटा १२" x १२") |
| ६. | डेकोरेटिङ्ग छपनी ढुङ्गा (प्रति गोटा १८" x १२") |
| ७. | साधारण माटो/पुरुवा माटो |
| ८. | गिट्टी |
| ९. | वालुवा |
| १०. | ग्राभेल |
| ११. | चिप्स |
| १२. | चट्टान |

| | |
|---|---|
| १३. | स्लेट |
| १४. | चोकर |

ङ) प्रस्तावित स्थानबाट सङ्कलन, उत्खनन् तथा ओसारपसार र बिक्री वितरण गर्ने यन्त्र, उपकरण, औजार तथा ढुवानी साधनः-

१. दैनिक ओसारपसार हुन सक्ने अनुमानित परिमाणः-

२. ओसारपसार गरी लैजाने सम्भावित स्थानहरूः-

३. उत्खनन् वा सङ्कलन गर्न प्रयोग गरिने मेसिनरी औजारहरूको विवरणः-

४. ओसारपसारमा प्रयोग हुने ढुवानी साधनहरु र संख्याः-

च) उत्खनन् कार्य सम्पन्न हुने प्रस्तावित मितिः-

छ) कार्य सम्पन्न भएपछि अनुगमन निरीक्षण गर्ने गराउने मितिः-

उल्लिखित सबै विवरण गाउँपालिका र वडा कार्यालयबाट खटिएका कर्मचारीहरुले मेरो उपस्थितिमा नापजाँच तथा सोधपुछ गरी भरेका हुन् भनी सहीछाप गर्नेः-

जग्गाधनीको सहीछापः- वडा नं. ...... वडा अध्यक्षको सहीछापः-

जग्गाधनीको नाम, थरः- नाम, थरः-

सम्पर्क नं.:- सम्पर्क नं.:-

मितिः- मितिः-

उल्लिखित सबै विवरणहरू मैले सम्बन्धित स्थलमा गई जग्गाधनी र वडा अध्यक्ष वा वडा अध्यक्षको निर्देशनमा वडा सदस्य जन प्रतिनिधिको रोहवरमा तयार गरेको ठीक साँचो हो । सबै विवरणहरू सही सत्य छन् भनी सहीछाप गर्ने प्राविधिक कर्मचारीको विवरणः-

सहीछापः-

कर्मचारीको नाम, थरः-

पदः-

मितिः-

**३. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणीकरणः-**

क) खेतीयोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्ने जग्गाको चार किल्लाका सधियाँरहरूको विवरण र मञ्जुरीनामाः-

मेरो/हाम्रो जग्गाको साँध सीमानामा रहेको जग्गाधनी श्री .............................. को जग्गामा निजले .......................................... कार्य गर्ने प्रस्ताव गरेको विषय व्यहोरा

अवगत भयो । निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपसिलका जग्गा धनीहरूलाई कुनै आपत्ति तथा बाधा व्यवधान छैन भनी गाउँपालिकाका वडा नं ... का वडा अध्यक्ष/सदस्य श्री .............................. को रोहबरमा यो मन्जुरीनामा गरी दस्तखत गरि दियौं ।

**तपसिलः**

चार किल्लाका जग्गाधनीको नाम, थर र दस्तखतः-

पूर्व श्री ......................................................

पश्चिम श्री ......................................................

उत्तर श्री ......................................................

दक्षिण श्री ......................................................

**साक्षीहरूः-**

१. श्री ......................................................

२. श्री ......................................................

३. श्री ......................................................

४. श्री ......................................................

५. श्री ......................................................

ख) सङ्कलन वा उत्खननबाट निस्कने पदार्थ ओसारपसार गरी लैजाने भित्री सडकहरुः-

१. ..........................................................................................

२. ..........................................................................................

३. ..........................................................................................

४. ..........................................................................................

ग) उक्त सडकको वरिपरि बस्ने स्थानीय बासिन्दाहरुको प्रतिक्रियाः-

................................................................................................................

..............

घ) ओसार पसार कार्यमा पर्न सक्ने वातावरणीय असरहरूः-

..................................................................................................................
..............

ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनु पर्ने सावधानीहरूः-

..................................................................................................................
..............

प्रस्तावित खेतीयोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्न खानीजन्य पदार्थको सङ्कलन वा उत्खनन् गर्ने क्षेत्र वा सीमाना पानीको मुहान, रुख बिरुवा, नदी, ताल तलैया, सांस्कृतिक वा पुरातात्विक सम्पदा, वन, सार्वजनिक जग्गा वा अन्य यस्तै संरक्षित वा संवेदनशील क्षेत्रमा पर्ने वा नपर्ने (पर्ने भएमा के कस्तो हो विस्तृतमा उल्लेख गर्ने ।) ........................................................................................ स्थलगत अध्ययन गरी सबै विवरणहरू टिक भएकोले ............................................................ गर्न इजाजत दिन उपयुक्त छ भनी सिफारिस गर्ने प्राविधिक कर्मचारीः-

दस्तखतः-

प्राविधिक कर्मचारीको नाम, थरः-

पदः-

मितिः-

**४. सम्बन्धित शाखा प्रमुखको रायः**

स्थलगत अध्ययन विवरण र प्राविधिक नापजाँचका आधारमा .................................................. इजाजत दिन मनासिव भएकोले सिफारिस गर्दछु भनी सिफारिस गर्ने शाखा प्रमुख इन्जिनियरः-

दस्तखतः-

शाखा प्रमुख इन्जिनियरको नाम, थरः-

मितिः-

**५. राजस्व शाखाको रायः-**

राजस्व निर्धारण रकम रु. ................

**राजस्व बुझाएको विवरणः-**

नगदी रसिद नं.:- ....................

धरौटी बुझाएको विवरण रकम रु. .....................

धरौटी रसिद नं.:- ..........................

दस्तखतः- .....................................

राजस्व शाखा प्रमुखको नाम, थरः- .............................................

मितिः-

६. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी ........................................................................... प्रयोजनका लागि खानीजन्य पदार्थ सङ्कलन वा उत्खनन् गर्न स्वीकृति दिने अधिकारीकोः-

दस्तखतः-

नाम, थरः-

पदः-

मितिः-

माद्दी गाउँपालिका

# अनुसूची — ३

## (दफा ८ (घ) सँग सम्बन्धित)

### निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन्, सङ्कलन तथा ओसार पसार र बिक्री वितरण गर्दा लाग्ने

### राजस्वको दररेट

| क. सं. | प्राकृतिक स्रोत साधनको विवरण | दररेट |
|---|---|---|
| १. | साधारण ढुङ्गा | रु. |
| २. | छाउनी/छपनी ढुङ्गा | रु. |
| ३. | डेकोरेटिङ्ग कटिङ्ग ढुङ्गा (प्रति गोटा १०" x ४") | रु. |
| ४. | डेकोरेटिङ्ग कटिङ्ग ढुङ्गा (प्रति गोटा १०" x २") | रु. |
| ५. | डेकोरेटिङ्ग छपनी ढुङ्गा (प्रति गोटा १२" x १२") | रु. |
| ६. | डेकोरेटिङ्ग छपनी ढुङ्गा (प्रति गोटा १८" x १२") | रु. |
| ७. | साधारण माटो/पुरुवा माटो | रु. |
| ८. | गिट्टी | रु. |
| ९. | वालुवा | रु. |
| १०. | ग्राभेल | रु. |
| ११. | चिप्स | रु. |
| १२. | चट्टान | रु. |
| १३. | स्लेट | रु. |
| १४. | चोकर | |
| १५. | उल्लेखित बाहेकका अन्य (राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार) | रु. |

*द्रष्टव्यः- उक्त दररेट गाउँपालिकाको प्रत्येक आर्थिक वर्षका लागि सालबसाली आर्थिक ऐन बमोजिम थपघट हुन सक्नेछ ।*

## अनुसूची — ४
### (दफा १४ (क) सँग सम्बन्धित)
### सामान चलानपूर्जाको ढाँचा

चलान नं. ...........

मितिः- ..................

**पठाउने व्यक्ति/संस्थाः-**

नाम, थरः-

ठेगानाः-

सम्पर्क नं.:-

**स्वीकार गर्ने व्यक्तिः-**

नाम, थरः-

ठेगानाः-

सम्पर्क नं.:-

**सामग्रीको विवरण**

| क्र.सं. | सामानको विवरण | परिमाण | इकाइ (घ.मि.) | प्रति इकाइ मूल्य | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

### सामान चलानको बहीखाताको ढाँचा

| क्र.सं. | चलान नं. र मिति | सामानको विवरण | परिमाण (इकाइ/घ.मि.) | प्रति इकाइ दररेट | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

**प्रमाणीकरण गर्ने पदाधिकारीः** श्री देवीजङ्ग गुरुङ, अध्यक्ष

माडी गाउँपालिका